# 第 19 課　ご迷惑をおかけしてすみません

## 目標

तपाईंले स्टोर प्रबन्धकलाई आफ्नो गल्ती रिपोर्ट गर्न र माफी माग्न सक्नुहुन्छ।

## 会話

कर्मचारि　: स्टोर प्रबन्धक, क गर्ने?

स्टोर प्रबन्धक　: ज्यानजी, के भयो?

कर्मचारि　: वास्तवमा, मैले अघि भर्खरैको ग्राहकको फ्राइड चिकन हालदिन बिर्सें। माफ गर्नुहोस्।

स्टोर प्रबन्धक　: ए हो? ग्राहक फर्कि सक्नु भयो?

कर्मचारि　: हजुर हो...

स्टोर प्रबन्धक　: बुझे। ग्राहकबाट कल आउन सक्छ। भन्नु भएकोमा धन्यवाद, ज्यानजी।

कर्मचारि　: असुविधाको लागि माफ गर्नुहोस्।

-----------------------------------------------------------------------------------------

स्टोर प्रबन्धक　: ज्यानजी, मैले अघिको ग्राहकबाट कल प्राप्त गरें।

कर्मचारि　: ओह, साँच्चै? रिसाउनु भएको थियो?

स्टोर प्रबन्धक　: होइन, रिसाउनु भएको थिएन । ज्यानजीले छिट्टै भन्नु भयो, त्यसैले म तुरुन्तै माफी माग्न सक्षम भएँ।

कर्मचारि　: ए राम्रो भयो।

स्टोर प्रबन्धक　: मैले पछि आउनुहुनेछ, त्यसैले कृपया धेरै माफी माग्नुहोस् र पैसा फिर्ताको गर्नुहोस्।

कर्मचारि　: हस्, मैले बुझें। फेरि एउटै गल्ती नदोहोरियोस् भनेर सचेत हुन्छु।

स्टोर प्रबन्धक : धेरै चिन्ता नगर्नुहोस् है।

## ことば

ミス गल्ती　謝罪（する） माफी माग्नु　先ほど भर्खरै
から揚げ जापानि स्वादको फ्राइड चिकेन　入れ忘れる राख्न बिर्सनु
報告（する） रिपोर्ट गर्न　迷惑 कष्ट　おわびする माफी माग्नु
返金 पैसा फिर्ता गर्नु　二度と～ない फेरि कहिल्यै नगर्नु　おつり फिर्ता पैसा
遅刻（する） ढिलो हुनु　気づく याद हुनु　言い訳 बहाना　事実 वास्तवमा
繰り返す दोहोर्याउनु　日々 दिन दिनै　画面 पर्दा, स्क्रिन　タッチする छुनु
はんこ छाप

## コラム

p.120　「報・連・相」のチカラ　「होउ・रेन・सोउ」को शक्ति

के तपाईंले " होउरेन्सोउ" भन्ने शब्द सुन्नुभएको छ? खान्जिमा लेख्ने हो भने「होउ・रेन・सोउ」हुन्छ जस्ले、"रिपोर्ट" "सम्पर्क" "परामर्श" जनाउँछ। जापानमा काम गर्दा आवश्यक पर्ने यो एउटा शब्द हो, र सुविधा स्टोरमा काम गर्दा पनि यो महत्त्वपूर्ण हुन्छ।

हामीले गर्ने पहिलो कुरा भनेको रिपोर्ट हो। तपाईंको तोकिएको कामको स्थिति र परिणामहरू रिपोर्ट गर्नुहोस्। यदि तपाईं अझै काम गरिरहनु भएको छ भने पनि, प्रगतिको बारेमा जानकारी गराउँ। अर्को कुरा "सम्पर्क" हो। स्टोरको बारेको सुचना र आफ्नो योजना बारेको जानकारी पनि दिन नबिर्सनुहोस्। अन्तमा, "परामर्श" छ। यदि तपाईलाई कुनै समस्या छ, अन्योलमा हुनुहुन्छ, वा केहि बुझ्नुभएको छैन भने, "मलाई यस बारे अरु सँग परामर्श गर्न आवश्यक छैन" भन्ने सोचेर त्यस्को बारेमा अफै निर्णय नगर्नुहोस्। तपाईंले आफ्नो वरपरका मानिसहरूलाई सोधेर पनि पक्कै समाधान पाउन सक्नुहुन्छ।

सुरुमा, तपाइँलाइ लाग्न सक्छ कि यो एउटा झन्झट हो। तर यो सञ्चारको सबैभन्दा महत्त्वपूर्ण पाटो मध्ये को एक हो।``रिपोर्टिङ, ```सम्पर्क," र ``परामर्श,' द्वारा तपाईले पक्कौ गल्तीहरू र समस्याहरू रोक्न सक्षम हुनुहुन्छ।यसलाई कामलाई सहज रूपमा अगाडि बढाउन मद्दत गर्ने "जापानी संस्कृति" पनि भन्न सकिन्छ।

p.121 働きながら四季を知る काम गर्दै चार ऋतुको बारे जान्नुहोस्

जापानमा वसन्त, ग्रीष्म, शरद र जाडो गरेर चार ऋतुहरु हुन्छन् र प्रत्येक मौसमको बारेमा कस्तो प्रकारका कुरा हरु दिमागमा आउँछन्?

``पुतलीको पर्व`, ``चेरी फूल हेर्ने पर्व , ``मदर्स डे`` र ``फ्यादर्स डे`, ह्यालोवीन, वा वाईनको ब्यूजोलेस नोवु आदि हो? या क्रिसमस, नयाँ वर्ष, भ्यालेन्टाइन डे, ह्वाइट डे, आदि हो ? वर्षभरि रमाईलो पर्वहरु जारी रहन्छ।

त्यसोभए, के तपाईंलाई यस्तो पर्व पनि छ भनेर थाहा छ? उदाहरणका लागि, ग्रीष्म ऋतु्को ``डोयो नो उसि नो हि "। यस दिन, हामी गर्मी मौसमलाई हराउन इल माझा खाएर शक्ति जम्मा गरिन्छ। त्यस्तै फेब्रुअरीको सुरुमा ``सेतुबुन्" मा, मानिसहरूले नयाँ वर्षलाई स्वागत गर्न सिमीहरू फ्याँक्छन् र राम्रो भाग्य ल्याउन ``इहोमाकि' भनिने रोलहरू खान्छन्। कोही-कोही मानिसहरूले यी पर्वहरूको बारेमा पहिलो पटक सुनिरहेका पनि हुन सक्छ।

वास्तवमा, यहाँ उल्लेख गरिएका पर्वहरूका लागि सबै खाना र उपहारहरू सुविधा स्टोरहरूमा बेचिन्छन्। चार ऋतुहरुको परिवर्तनको अनुभव गर्दै जापानी संस्कृतिको आफ्नो ज्ञानलाई गहिरो बनाउनुहोस्।